गाउँसभाको मिति २०८१ असार ८ गते शनिबार बैठकमा

अध्यक्ष श्री सन्त बहादुर घले (तामाङ) ज्यूद्वारा प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

सूर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
२०८१ असार ८

यस सूर्यगढी गाउँपालिकाका उपाध्यक्ष ज्यू,

गाउँसभाका सदस्य ज्युहरु, सभाका सचिव ज्यू, कर्मचारी मित्रहरु, सञ्चारकर्मी साथिहरु,

लगायत यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,

यस गरिमामय सभामा गाउँपलिकाको अध्यक्षको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

यस सूर्यगढी गाउँपालिकाको दोस्रो कार्यकालको तेस्रो वर्षको रुपमा आगामी आर्थिक बर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवशर प्राप्त भएकोमा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु। यो मेरो नीति कार्यक्रमको आठौं वर्षमा प्रवेश गर्दैछ। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा यस गाउँपालिकालाई विभिन्न सुझाब दिनुहुने सम्पुर्ण आमा, बुबा, दाजुभाई, दिदिबहिनीहरु लगाएत सहजकर्ताहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद दिन चाहान्छु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनैतिक अग्रगमन, लोकतन्त्रको सवलिकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नहुने सम्पुर्ण सहिदहरुप्रति भावपुर्ण श्रदान्जली अर्पण गर्दछु। सुशासन यूक्त समाज विकसित एवम् भ्रष्टाचार मुक्त सूर्यगढी अभियानमा हाम्रो कार्यलाई साथ र समर्थन दिएर यस अवस्था सम्म सहयोग गरिरहनुहुने गाउँवासी सम्पूर्ण सचेत नागरिकहरुलाई म हृदय देखि नै आभार प्रकट गर्न चाहान्छु। सुन्दर, शान्त, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो सङ्कल्प समस्त गाउँ बाँसीको चाहानाहरु पुरा गर्ने दिशामा हामीले आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दिर्घकालिन लक्ष्य हासिल गर्ने खालको विकास राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पुर्वाधार निर्माण सहित स्थानीय स्रोतको परिचालन र पहिचान गर्दै समावेशी उत्थानशीलता तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्नु नै हाम्रो मुख्य लक्ष रहनेछ।

**विद्धमान परिवेश राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक अवस्थाः**

विश्वव्यापी रुपमा फैलिएको कोभिड, युक्रेन युद्ध, इजरायल र हमास युद्ध तथा भुकम्पको असर बाट विश्व आपुर्ति श्रृंखलामा आएको सङ्कुचनले हाम्रो देशलाई समेत प्रभाव पारिरहेको छ। यसबाट संघीय सरकारको राजस्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले पाउनु पर्ने हस्तान्तरणमा ठुलो असर पुगेको छ। हाम्रो जस्तो भुपरिवेष्ठित देश नेपाल जनसंख्यीक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलुकको तहमा उक्लिदै गर्दा हरेक दिन हजारौं युवाहरु नेपाल छोडेर रोजगारीको लागि विदेशिनु पर्ने बाध्यता अझै पनि कायम नै छ। जसले गर्दा आयात र निर्यातमा ठुलो धक्का पुगेको छ।यसैको सिकारमा सुर्यगढी गाउँपालिका पनि परेको छ। आन्तरिक र बाह्य बसाईसराईका कारण गाउँघरहरु सुनशान बस्तीका रुपमा रुपान्तित हुन पुगेको छन्।आम्दानीको स्रोत गर्ने खेतबारीहरु बाझो हुन पुगेको छन्। यस विषयमा युवाहरुलाई रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षित बनाउने चुनौती हामी सबैको साझा समस्या हुन पुगेको छ। सोही सन्दर्भमा उक्त खेत बारीहरुमा नगदे बालिहरु लगाई आर्थिक टेवा पुऱ्याउने उद्येश्य गाउँपालिकाले

राखेको छ। यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो सिमित स्रोत साधन प्रयोग गरी तिव्र र दिगो आर्थिक विकास गरी मुल लक्ष्य हासिल गर्नु पर्ने भएको छ।जसको लागि हाम्रो गाउँपालिकाले स्थानीय आर्थिक विकास कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ।

सुर्यगढी गाउँपालिका हामी सबै जनप्रतिनिधि, कर्मचारी, राजनैतिक दल, समाजसेवी बुद्धिजिवि लगायत सबैको एकताले नै हालको सुर्यगढीलाई अझै विकसित सुर्यगढी बनाउन सम्भब रहने भएकोले गरिविका रेखामुनि रहेका घरपरिवारहरुको पहिचान भइसकेको र उक्त परिवारहरुको आर्थिक स्तर वृद्धि गर्नको लागि स्वरोजगारी, सीपमुल व्यवसाय तथा साना उद्योगमा प्रोत्साहान गर्दै मध्यम स्तरको बनाउनु हाम्रो प्रमुख दायित्व रहेको छ।यो हामी सबैको चुनौती र दायित्व पनि हो। नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भए बमोजिमको कानुन निर्माण तथा कार्यन्वयन गर्नु हाम्रो प्रमुख जिम्मेवारी रहेको छ। नेपाल सरकारले स्थानीय तह स्वमुल्याङ्कन कार्यविधि लिजा (LISA), २०७७ तयार गरी सो अनुरुप प्राकृतिक स्रोत तथा वित्त आयोगबाट स्थानीय तहमा बजेट बाडँफाडँ गर्ने नीति बमोजिम उक्त परिधिभित्र रहि सिमित स्रोत र साधनले अधिक मात्रामा नागरिक हरुको अपक्षेलाई पुरा गर्नु पर्ने बाध्यात्मक अवस्था छ। तथापि स्थानीय तहको क्षेत्र भित्र रहि सबैको साथ र सहकार्यमा गाउँपालिकालाई नमुना गाउँपालिका बनाउने प्रतिबद्धता व्यक्त गर्दछु र यस कार्यको लागि सम्मूर्ण कर्मचारी, नागरिक समाज, राजनैतिक दल, जनप्रतिनिधि मित्रहरु तथा सूर्यगढी गाउँपालिका बासी दाजु, भाई, दिदी, बहीनी लगायत सम्पूर्ण आम नागरिकहरुको साथ र सहयोगको आसा लिएको छु।

उपस्थित सम्पुर्ण महानुभावहरु,

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक साशन व्यवस्थाको आत्मसाथ गर्दै अब म यस सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को छोटकरीमा समिक्षा गर्ने अनुमति चाहान्छु।

प्रादेशिक तथा स्थानीय सडक पूर्वाधार कार्यक्रम अनुसार नुवाकोट बागेश्वरी लच्याङ उर्लेनी मालाभन्ज्याङ सडकको नुवाकोट तिरतिरे धारा देखि चोकदे बजार सम्म कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। साथै चोकदे बजार देखि लच्याङ तर्फ ३ किलोमिटर ८ सय मिटर सडक विस्तार हुने कार्य शुरु भई कालोपत्रे सम्म हुने कार्य अगाडी बढीरहेको छ। यसैगरी फेदिबेसी, चोकदे, कुवापानी सडकको फेदिबेसी देखि दार्मे गणेश मन्दिर सम्म ढलान र कालोपत्रेको काम सम्पन्न भएको छ।गणेश मावि हुँदै ४ नं. वडा कार्यालय सम्म ४ सय मिटर ढलान, ८ सय मिटर पक्कि नाली र वस्ती संरक्षणको लागि पर्खाल निर्माण गरिएको छ।बोहोरे भन्ज्याङ देखि कटुन्जे हुँदै डाँडाखर्क सम्म ४१० मिटर ढलान, ५८० घनमिटर ग्याबिन जाली, घर संरक्षणको लागि पर्खाल निर्माण र बाटो चौडा गराउने कार्य गरिएको छ।वडा नं.१ मैनाली टोल धोविखोला नर्सरी हुँदै सोलमाने जाने सडकमा ८ सय मिटर सोलिङ, २२० मिटर ढलान, पक्कि नाली ५०० मिटर, घर संरक्षणको लागि पर्खाल निर्माण, २८० घनमिटर ग्याबिन जाली, ४ किलोमिटर १२० मिटर बाटो चौडा पार्ने कार्य भएको छ।

यसैगरी खेलकुद क्षेत्रमा वडा नं.३ गैरीखर्कमा भएको खेल मैदानलाई गाउँपालिका स्तरिय खेल मैदान घोषणा गरी ९ एसाइड फुटबलको मापदण्ड पुरा गरी खेल खेल्न मिल्ने गराइएको छ।

सिँचाई क्षेत्रमा प्राथमिकता दिएर स्थानीय कृषिलाई प्रबर्द्धन गर्ने उद्येश्य राखि हाल सम्म ४ किलोमिटर पक्कि सिँचाई कुलोको निर्माण गरिएको छ।

यसैगरी यस गाउँपालिकाले विगत वर्षहरुमा वडा नं.१ देखि ५ सम्म एक घर एक धाराको अवधारणा ल्याइ आर्थिक विकासमा टेवा पुग्ने उद्येश्य राखि २६०० घरधुरीमा खानेपानीको व्यवस्था भइसकेको र चालु आ.व. २०८०/०८१ मा वडा नं. ३,४ र ५ मा गरी २६० घरधुरीलाई एक घर एक धारा कार्यक्रम मार्फत खानेपानीको व्यवस्था गरिएको छ। यसरी हाल सम्ममा २८६० घरधुरीलई खानेपानीको व्यवस्था भइसकेको छ। अन्य कार्यहरुको सम्बन्धमा यहाँहरु सबैलाई अवगत नै छ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

अब म आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## १. आर्थिक विकास

### क) कृषि तथा पशु विकास

- विगतका वर्षहरु देखि नै सुरु भएको दुध संकलन गर्दा किसानलाई दिइने प्रति लिटर रू. ५ को अनुदान कार्यक्रमलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइने छ।
- यस गाउँपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका कृषि सहकारी मार्फत किसानहरुलाई वितरण गर्दै आइरहेको रासायनिक मल नपुग हुने समस्यालाई हल गर्नको लागि तत् तत् निकायमा समयमै पहल गरी समाधानको प्रयास गरिनेछ।
- रैथाने बाली प्रवर्दधन कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- किसान सूचिकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।
- टनेल तरकारी खेतिलाई प्रोत्साहन गरी दिइने अनुदानलाई निरन्तरता दिइनेछ।
- माटो परिक्षण कार्यलाई निरन्तरता दिँदै थप व्यवस्थित गराइनेछ।
- कृत्रिम गर्भाधान कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- खोर सुधार तथा गोठ सुधार कार्यक्रमको लागि अनुदानको व्यवस्था कायम नै गरिनेछ।
- सूर्यगढी गाउँपालिकाका ५ वटै वडाहरुमा सुचिकरण भएका किसानहरुलाई परिचयपत्र वितरण गरी थप व्यवस्थित गरिनेछ।
- कृषि तथा पशुपंक्षी तथ्याङ्कको कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिँदै कृषि सेवालाई थप जोड दिइनेछ।
- पशुमा हुन सक्ने महामारी रोकथाम गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

### ख) घरेलु तथा साना उद्योग

- घरेलु तथा साना उद्योग स्थापनामा जोड दिइ पुराना उद्योगहरुलाई संरक्षण र सम्बर्धन गरिनेछ।
- विभिन्न किसिमका सिपमूलक तथा आयमुलक तालिमको व्यवस्था गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना गर्नको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ।
- विगत वर्षहरुदेखि नै सञ्चालनमा रहेको धान, मकै, आलु, तथा अन्य विभिन्न किसिमका तरकारीहरुको विउ वितरण कार्यक्रमलाई थप सरल र व्यवस्थित गराउँदै लगिनेछ।

**ग) पर्यटन**

- सूर्यगढी गाउँपालिकको ऐतिहाँसिक तथा प्रयटकिय स्थल सूर्यगढीलाई पर्यटन विकासमा जोड दिँदै लगिनेछ।
- ऐतिहासिक क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गरी आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन पहल गरिनेछ।
- ऐतिहासिक गोले राजाको भग्नावषेश दरबार क्षेत्रको प्रवर्द्धन र प्रचार गरी आन्तरिक पर्यटनमा बृद्धि गरिनेछ।
- छुर्पी गुम्बा र फर्की गुम्बा लगायत बौद्ध धर्मालम्बीहरुको गुम्बाहरुको निर्माण तथा संरक्षणमा जोड दिइनेछ।

**घ) सहकारी तथा गरिवी निवारण**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई गत वर्ष जस्तै साझेदारी गरी कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ।
- १ घर १ सहकारी सदस्य नीति बनाई कार्यन्वयन गरिरहेकोमा यसलाई थप प्रभावकारी बनाइ निरन्तरता दिइनेछ।

**२. सामाजिक विकास**

**क) शिक्षा**

- **सूर्यगढी गाउँपालिकाको इच्छा, समृद्धिको लागि प्राविधिक शिक्षा** भन्ने अवधारणामा श्री वागेश्वरी माध्यमिक विद्यालय, सूर्यगढी-३ मा सञ्चालित प्राविधिक धारको शिक्षालाई व्यवस्थित गर्दै लैजान आवश्य सहयोग र सहकार्य गरिनेछ।
- गाउँपालिकाले विद्यालय रेखाङ्कन तथा दरबन्दी मिलान कार्यविधि अनुसार सुरु गरेको विद्यालय मर्ज तथा दरबन्दी मिलान कार्यक्रमलाई तत्कालै अगाडी बढाइनेछ।

- दिवा खाजा कार्यक्रमलाई अझै व्यवस्थित गरी आगामी वर्षमा समेत निरन्तरता दिइनेछ।
- सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुबाट शुल्क लिन प्रतिवन्ध गरिनेछ।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापकको प्रशासनिक क्षमता विकास तालिम र मासिक बैठक प्रभावकारी बनाउन जोड दिइनेछ।
- एक विद्यालय एक नर्स कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ।
- प्रत्येक माध्यमिक विद्यालयमा एक जना खेल तथा अतिरिक्त क्रियाकलाप शिक्षकको व्यवस्था गरिनेछ। यसको लागी आगामी वर्षको बजेटमा सो कार्यको लागि रकम विनियोजन गरिनेछ।
- राष्ट्रपति रनिङ्ग सिल्ड कार्यक्रमको लागि संघिय सशर्त अनुदान बाट प्राप्त हुने बजेट सहित गाउँपालिकाबाट थप रकमको विनियोजन गरिनेछ।
- शिक्षकको क्षमता विकासको लागि विविध विषयगत तालिमको व्यवस्था गरिनेछ।
- विद्यालय मर्जको कार्यक्रम गर्दा उक्त स्थानको अभिभावक र विद्यार्थीहरुको समस्यालाई मध्यनजर गर्दै बागेश्वरी माविलाई आवाशिय विद्यालय बनाइनेछ।
- SEE उत्कृष्ट विद्यालय तथा विद्यार्थी पुरस्कार कार्यक्रमलाई निरन्तरता दिई विद्यालय तथा विद्यार्थीको मनोबल उच्च राख्न प्राथमिकता दिइनेछ।
- सूर्यगढी गाउँपालिकामा रहेको एक मात्र सामूदायिक क्याम्पस **सूर्यगढी सामूदायिक क्याम्पस** रहेको र यस क्याम्पसमा प्राय गरेर छोरी बुहारी अध्ययन गर्ने देखिएकोले सो कुरालाइ ध्यानमा राखेर स्थाई प्राध्यापकहरु नभएकोले वार्षिक एकमुष्ट अनुदानको व्यवस्था गरेनेछ।
- नेपाली भाषा सिकाइमा रहेको कठिनाईलाई कम गरी पठनसीप र पठनबोध विकासको लागि रुम टु रिड र रुडेक नेपालको प्राविधिक सहयोग तथा गाउँपालिकाको आर्थिक सहयोगमा सञ्चालित विशेष साक्षारता कार्यक्रमलाई निरन्तरता दिदै थप विद्यालयहरुमा विस्तार गरिनेछ।
- द्वन्द्व पिडित र वेपत्ता पारिएका परिवारका सदस्यहरुलाई कक्षा १२ सम्मको अध्ययनमा गाउँपालिकाले आर्थिक सहायता दिने व्यवस्था मिलाइनेछ।

**ख) स्वास्थ्य**

- विद्यालयमा निःशुल्क सेनेटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँघर क्लिनिक कार्यक्रमलाई अझै व्यवस्थित तरिकाले ५ वटै वडामा निरन्तर रुपमा सञ्चलन गरिनेछ।
- रगतको अभावले ज्यान गुमाउन पर्ने समस्या समाधान तथा सुर्यगढीका नागरिकहरुले निःशुल्क रगत प्राप्त गर्नको लागि नेपाल रेडक्रस सोसाइटी, नुवाकोटद्वारा सञ्चालित रक्तसञ्चार केन्द्रलाई आर्थिक सहयोग गरी रगत अभावको समस्यालाई समाधान गरिनेछ।
- यस गाउँपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयंसेवीकाहरुको प्रोत्साहानको लागि आवश्यक थप भत्ताको व्यवस्था गरिनेछ।

- जिल्ला सामुदायिक आँखा केन्द्र, रेडक्रस नुवाकोट तथा तिलगंगा आँखा अस्पतालसँग समन्वय गरी यस गाउँपालिकामा स्थापना गरिएको ग्रामीण आँखा केन्द्रलाई अझै व्यवस्थित र प्रभावकारी रुपबाट सञ्चालनमा ल्याइनेछ। यसको लागि गाउँपालिका र सम्बन्धित संस्था बिच नियमित समन्वय र सहकार्य गरिनेछ।
- यस गाउँपालिका द्वारा सञ्चालित एम्बुलेन्स सेवालाई कार्यविधि बमोजिम थप व्यवस्थित गर्दै लगिनेछ।
- यस गाउँपालिकामा निर्माणाधिन १० शैयाको अस्पताल निर्माणको अन्तिम चरणमा रहेकोले उक्त अस्पतालको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरी सञ्चालनमा ल्याउनको लागि पहल गरिनेछ।
- महिलाहरुको आङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षणलाई प्राथमिकताका साथ तत्काल परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य चौकि मार्फत निशुल्क औषधि वितरण कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- गर्भवती महिलालाई घरमै सुत्केरी गराउँदा आमा तथा बच्चाको जीवन जोखिममा पर्ने समस्यालाई निरुत्साहीत गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउँदा न्यानो झोला, यातायात खर्चको साथै सुत्केरीका लागि पोषणयुक्त विषेश खाद्य सामग्रि वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गर्भवती महिलाको स्वास्थ्य अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थामा नियमित रुपमा गर्भ जाँच गर्ने महिलालाई सो वापतको अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**ग) खानेपानी तथा सरसफाई**

- सूर्यगढी गाउँपालिकामा ड्वाँचे खानेपानी कार्यक्रमले समेटेको क्षेत्र भन्दा बाहेकका वडा नं.१ देखि ५ सम्म खानेपानीको समस्यालाई समाधान गर्नको लागि स्थानीय परम्परागत मूल, पधेँरा, कुवा तथा कलधाराहरुलाई संरक्षण गरी एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा थप १००० घरधुरी लाई पुग्ने गरी पिउने पानीको आवश्यक व्यवस्था मिलाइनेछ।
- हरेक खानेपानी योजनालाई दिगो र स्थायी बनाउन समुदायलाई जिम्मेवारी हस्तान्तरण गरी मर्मत संभारको लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- टोल विकास समिति गठन गरी फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।
- शौचालय निर्माण गर्न नसकेका विपन्न वर्गका मानिसहरुलाई शौचालय निर्माणमा विशेष अनुदानको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकाको वडा नं. ३ गैरीखरकमा वर्षे पानी संकलन गरी सुख्खा समयमा पानी वितरण गर्ने व्यवस्था मिलाइनेछ।

**घ) संस्कृति प्रवर्द्धन**

- भाषा तथा संस्कृतिको संरक्षणको लागि विशेष अभियान सञ्चालन गरिनेछ।

- धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धनमा विशेष जोड दिइनेछ। यसमा सूर्यगढी गाउँपालिका वडा नं. १ मा रहेको छुर्की गुम्बा र फुर्की गुम्बा तथा गोले राजाको दरबार संरक्षणको व्यवस्था गर्दै लगिनेछ।
- जनजाती समुदायमा मरण उपरान्त घेवा तथा बरखी गर्ने कार्यमा अत्याधिक आर्थिक दोहन हुने भएकोले आम्दानी भन्दा खर्च गर्ने परम्परालाई कम गराउन, गरिबि न्युनीकरण गराउन, प्रत्येक समुदायमा समिति गठन गरी स्थानीय नीति तथा विधानको निर्माण गरी चेतनामुलक कार्यक्रम लागु गरिनेछ। जसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

**ङ) खेलकुद तथा मनोरञ्जन**

- राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- गाउँपालिका स्तरिय खेलमैदान निर्माण गरिनुका साथै सुर्यगढी ३ गैरिखर्कको बाझो बारीमा निर्मित पालिका स्तरिय खेल मैदानलाई थप व्यवस्थित गराइनेछ।
- १ वडा १ खेलमैदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बालक्लब तथा बाल उत्थानको व्यवस्था गरिनेछ।

**च) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**क) महिला, बालबालिका तथा जेष्ठ नागरिक**

- महिलाको सशक्तिकरण गर्नको लागि आवश्यक तालिम, अभिमुखिकरण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष व्यवस्था गरिनेछ।
- गाउँपालिका स्तरिय महिला समन्वय समिति मार्फत सीपमुलक तथा आयमुलक गतिविधिहरु सञ्चालनमा जोड दिइनेछ।
- लैङ्गिक हिंसा अन्त्यको लागि विविध कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुलाई समान अवसर तथा समान ज्याला वितरणमा प्रोत्साहान गरिनेछ।
- बाल बिवाह, बहु बिवाह तथा मानव बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

**ख) दलित**

- सामुदायिक विद्यालयमा अध्ययन गर्ने दलित विद्यार्थीहरुको लागि आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- परम्परागत हातहतियार तथा औजार निर्माणको लागि सिपमुलक तालिमको व्यवस्थापनमा जोड दिइनेछ।
- सधारीएको आरन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**ग) फरक क्षमता (अपाङ्गता)**

- समुदायमा आधारित अपाङ्गहरुको लागि परिचयपत्र वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- अपाङ्गताको वर्गिकरण कार्यको लागि मान्यताप्राप्त चिकित्सकको व्यवस्थापन मिलाइनेछ।

- सामुदायिक विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीको लागि विभिन्न शैक्षिक सामाग्री तथा सहयोगि सामग्रिहरु वितरण गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको जिविकोपार्जनको लागि सीपमुलक तथा क्षमतामुलक कार्यक्रम लागु गरिनेछ।

**घ) लक्षित (आदिवासी जनजाती, सिमान्तकृत, अल्पसंख्यक, विपन्न नागरिक) वर्ग**

- यस गाउँपालिका भित्र भएका अति विपन्न नागरिकहरुको पहिचान गरी उनीहरुको सुरक्षित आवशको सुचिश्चितताको लागि विपन्न नागरिक घर निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- लक्षित वर्गको सीप तथा क्षमता बृद्धिको लागि विभिन्न किसिमका सिपमुलक र आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- लक्षित वर्ग अन्तरगतको बालबालिकाको लागि विशेष छात्रवृतिको व्यवस्था गरिनेछ।

**ङ) युवा वर्ग**

- प्रधानमन्त्री रोजगार कार्यक्रममा युवा वर्गलाई समेट्ने गरी कार्यक्रमहरु लागु गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रममा समावेश हुन इच्छुक वेरोजगार युवाहरुको लागि प्रत्येक वर्ष फागुन देखि चैत्र महिनामा आवेदन खुल्ला गरिनेछ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई व्यवस्थित बनाउनको लागि गाउँपालिकाबाट साझेदारी रकमको व्यवस्था गरिनेछ।

**च) जेष्ठ नागरिक**

- जेष्ठ नागरिकको निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमलाई प्राथमिकतामा राखी लागु गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई पूर्ण रुपमा विद्युतिय माध्यमबाट सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ।
- जेष्ठ नागरिक सम्मान तथा सद्भाव कार्यक्रमलाई प्रभावकारी बनाउन विशेष कार्यक्रम लागु गरिनेछ।

**छ) न्यायिक समिति**

- प्रत्येक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई सक्रिय बनाई अधिकार क्षेत्रका विवादहरु वडाबाटै निरुपण गर्ने व्यवस्था मिलाइनेछ।
- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्त र दुरुस्त बनाउन समितिका पदाधिकारीहरुलाई कानुनी सचेतना र तालिमको कार्यक्रम संचालनको लागि आवश्यक रकमको व्यवस्था गरिनेछ।

## ३. पुर्वाधार विकास

## क) सडक, पुल तथा झोलुङ्गे पुल

- चालु आर्थिक वर्षको निति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुः नुवाकोट उर्लेनी, माला भञ्ज्याङ्ग सडक, फेदिबेसि हिरामुनिटार चोकदे सडक, बोहोरे भञ्ज्याङ्ग मस्याङ भर्याङ सडक मैनाली टोल जोङ डाडा सडक स्तरोन्तीको कार्य र तादी खोलामा सुर्यगढी र लिखु गा.पा. जोड्ने पक्की पुल, खहरे खोला गणेश मा.वि. जोड्ने पक्की पुल, सुर्यगढी ४ र ५ जोड्ने डुडे कामीटार कल्भर्टको निर्माण कार्य भइरहेकोमा उक्त आयोजनाहरुलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिइनेछ।
- आगामी आर्थिक वर्षको लागि सूर्यगढी १ गोठडाँडा हुँदै तादी ६ सडक स्तरोन्नतीको लागि बजेटको व्यवस्था गरिनेछ।
- फलाटे, ढुँङ्गे, पाउदुरे सडक स्तरोन्नतीको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।
- जोरखम्बा, भण्टे, सिम्ले, गहते सडक स्तरोन्नतीको लागि बजेट व्यवस्थापन गरिनेछ।
- नयाँ चौतारा न्यू चण्डिका कुवापानी सडकको लागि बजेटको व्यवस्था गरिनेछ।
- नैनेखोला कुवापानी सानो भोर्ले सडकको लागि बजेट व्यवस्था गरिनेछ।
- खारे खोला गणेश मावि वडा नं.४ सडको लागि बजेटको व्यवस्था गरिनेछ।

## ख) सिंचाई

- विभिन्न वडा भित्रका सिंचाई आयोजनाहरुको कार्यलाई निरन्तरता दिइनेछ।
- अपुरा रहेका ठुला सिंचाई आयोजनाहरुलाई निर्माणको लागि प्रदेश तथा संघिय सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

## ग) भवन तथा सहरी विकास

- यसै आर्थिक वर्षभित्र बालमैत्री, अपाङ्गमैत्री सहितको पुर्ण सुविधा सम्पन्न गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण कार्य सुरु गरिनेछ। उक्त कार्यको लागि आवश्यक सम्पूर्ण प्रकृयाहरु पुरा गरी चालु आ.व. २०८०/८१ को विनियोजित रकम सहित आगामी आ.व.२०८१/८२ मा समेत थप रकम विनियोजन गरिनेछ।
- सरकारी स्वामित्वमा रहेका प्रयोग बिहिन भवनहरुलाई आवश्यक कामको लागि प्रयोगमा ल्याइनेछ।

## घ) उर्जा, लघु तथा साना जलविद्युत

- अत्यावश्यक तथा संवेदनशिल स्थानमा सोलार बत्तिको व्यवस्था गरिनेछ।
- वडा नं. ५ को खारेखोलामा लघु जलविद्युत कार्यक्रमको लागि अध्ययनको प्रकृया अगाडी बढाइनेछ।

## ङ) सुचना तथा सञ्चार

- सबै वडा कार्यलयहरुमा सुचना केन्द्र तथा कम्प्युटर अपरेटरको व्यवस्था गरी सि.सि. टिभी क्यामरा मार्फत सेवा प्रवाहको अनुगमन निरीक्षण गरिनेछ।
- पालिका भित्रका सबै सरकारी कार्यलयहरु, विद्यालयहरुमा कम्प्युटर प्रद्धति मार्फत कार्यलयहरुमा सेवा प्रवाह गर्दै हस्तलिखित कार्यहरुलाई पुर्ण निरुत्साहित गर्ने कार्यलाई निरन्तरता दिइनेछ। उक्त प्रणालिहरुको व्यवस्थापनको लागि बजेटको व्यवस्था गरिनेछ।
- राजस्व तथा अन्य आयका गतिविधिहरु अनलाइन मार्फत सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाका हरेक सुचना नागरिकसम्म पुग्नकोलागि वेभसाइट मार्फत प्रकाशन र प्रसारणमा जोड दिइनेछ।

## ४. वातावरण संरक्षण, विपद व्यवस्थापन तथा भूमि व्यवस्था

- वडा नं. १ मा रहेको भैरवी गुठीको जग्गामा लिँदै आइरहेको भुमीकर छुटको लागि जिल्ला मालपोत कार्यालयमा पत्र पठाइसकिएको र अन्य थप पहलको लागि पुनः जिल्ला मालपोत कार्यालयसँग समन्वय गरिनेछ।
- सामुदायिक वन व्यवस्थापनमा जोड दिइनेछ।
- गाउँपालिकामा विपद् उद्धार सामाग्रीको व्यवस्था गरिनेछ।
- अनाधिकृत रुपमा निकासी भइरहेको प्राकृतिक स्रोत साधनहरुलाई पुर्ण प्रतिबन्ध लगाई बैधानिक रुपमा निकासिको व्यवस्था मिलाइनेछ।
- प्राकृतिक प्रकोपको जोखिममा रहेका बस्तिहरुको पहिचान गरी प्रदेश तथा संघिय सरकार सँगको समन्वयमा आवश्यक व्यवस्थापन गर्न जोड दिइनेछ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह

- गाउँपालिका अन्तगतका सम्पूर्ण कार्यलयहरुमा सेवा लिन आउने सेवाग्राहिको सहयोगको लागि छिटो छरितो कार्यसम्पादनको व्यवस्था गरिनेछ।
- नागरिकलाई चुस्त दुरुस्त सेवा प्रवाहको लागि प्रत्येक योजनाको सम्झौता तथा फरफारकको लागि जनचेतनामुलक कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।
- सरल, सहज र प्रभावकारी ढङ्गले सेवा प्रवाह गर्नको लागि सबै प्रकारका सेवा डिजिटल प्रणाली मार्फत गरिने व्यवस्था लाई निरन्तरता दिइनेछ।

## ६. वित्तीय व्यवस्थापन र सुशासन

### क) राजश्व परिचालन

- कर तिर्नु हरेक नागरिकको कर्तव्य हो भन्ने कुरालाई जोड दिन समुदाय तथा वडा तहमा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

- वडा नं. ५ मा रहेको ढुङ्गा खानी कम्पनीबाट कर वापतको रकम संकलन भइरहेको छ। सो कार्यको निरन्तरताको लागि उक्त कम्पनी सँग करका क्षेत्रबारे आवश्यक छलफल गरी थप राजश्व संकलनमा जोड दिइनेछ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि प्रयोग भइरहेको नेपाल सरकारले निर्माण गरी सञ्चालनमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्टवेयरको राजश्व संकल प्रणाली (Revenue Module) को प्रयोगलाई थप व्यवस्थित गर्नको लागि आवश्यक क्षमता विकास सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ।

**ख) वित्तीय अनुशासन र सुशासन**

- रु. ५ लाख देखि माथिका हरेक योजनामा अनिवार्य रुपमा होर्डिङ बोर्ड राख्ने नियमलाई निरन्तरता दिइनेछ।
- अघिल्लो आ.व. समेत हाल सम्मको सम्पूर्ण बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकता दिइनेछ।
- गाउँपालिकामा आउने गुनासो सम्बोधनको लागि सुझाब पेटिका राखि अविलम्ब गुनासो सम्बोधन गर्ने परिपाटिलाई निरन्तरता दिइनेछ।

यस गाउँपालिकाले आफ्नो स्रोतले मात्रै धान्न नसक्ने योजनाहरुको लागि प्रदेश सरकार, संघिय सरकार तथा अन्य साझेदारी संघ संस्थाहरुसँग समन्वय गरी योजना निर्माण गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ। गाउँपालिकाको मुख्य प्रशासनिक भवन निर्माण लगायतका विविध गतिविधिहरु २ वर्षभित्रमा सम्पन्न गरिसक्ने लक्ष्य राखेको छ।

उपस्थित सम्पुर्ण महानुभावहरु,

सुर्यगढी गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गरेको छु। यस नीति कार्यक्रमको सफल कार्यन्वयन गर्नु हामी सबैको कर्तव्य र दायित्व हो। नेपाल सरकारले तोकेको लक्ष्य तथा राष्ट्रिय एकता एवम् स्वाभिमान मजबुत बनाई तिब्र आर्थिक वृद्धिदर हासिल गर्न हामी सबैको जोडबलबाट मात्र सम्भव रहने भएकोले यस गाउँपालिकाका समस्त आमा, वुवा, दाजु, भाई, दिदी, बहिनी तथा आम नागरिकहरुको साथ, सहयोग र सहकार्यको अपेक्षा गरेको छु। यस गाउँपालिकालाई विकसित गाउँपालिकाको रुपमा स्थापित गर्न हामी सबैको अहम भूमिका रहने भएकोले यस नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउनु हुने सम्पुर्ण राजनैतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज तथा विभिन्न संघसंस्था लगायत सम्पुर्ण सरोकारवालाहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु।

**धन्यवाद !!!**